प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# मधेश प्रदेश कार्यालय

जनकपुरधाम, धनुषा

## प्रि-डिप्लोमा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फका शैक्षिक कार्यक्रमहरुको प्रवेश परीक्षाको नतिजा प्रकाशन सम्वन्धी अत्यन्त जरुरी सुचना

**(सुचना प्रकाशित मिति :२०८१/०४/२६)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०८१/०३/१५ गते प्रकाशित सुचना अनुसार मिति २०८१/०४/१२ गते संचालित प्रि-डिप्लोमा तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फका तपसिलमा उल्लेखित कार्यक्रमहरुको, परिषद्, प.नि.का. को कार्य योजना बमोजिम परिषद्, मधेश प्रदेश कार्यालयद्वारा संचालित प्रि-डिप्लोमा प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१ अनुसार लिखित परीक्षाको अंक र SLC/SEE को शैक्षिक प्रमाणपत्रहरु वापत तोकिएको अंकको कुल योगफल गरि स्वीकृत कार्यक्रमको वर्ग तथा कोटाहरुमा परीक्षार्थीहरुले प्राप्त गरेको प्राप्तांकको योग्यताक्रम अनुसार मिति २०८१/०४/२६ गतेको निर्णय अनुसार मुख्य सफल उम्मेदवार, उतिर्ण सुची र रद्ध गरिएकाहरुको सुची प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ |

मुख्य उम्मेदवारको रुपमा छनौट भएका उम्मेदवारहरुले मिति २०८१/०५/०६ गते कार्यालय समय भित्रमा प.नि.का. बाट जारी गरिएको प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र, नतिजाको प्रतिलिपि, प्रवेश परीक्षाको आवेदन फारममा प्रयोग भएको फोटो, शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता वा जन्म दर्ता, छनौट भएका लक्षित बर्गको सक्कल प्रमाण पत्रहरु सहित भर्नाका लागि सिफारिस भएको शिक्षालयमा भर्ना हुन जानु हुन यसै सुचना द्वारा जानकारी गराईन्छ |

सम्बन्धित शिक्षालयले यसै सुचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सुचनामा उल्लेख भए अनुसार परीक्षार्थीहरुले पेश गरेका सक्कल प्रमाणपत्रहरु तथा कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्न गराउन हुन अनुरोध छ | साथै भर्नाका लागि तोकिएको कार्यक्रमहरुमा तोकिएको मिति सम्म भर्ना हुन नआएका परीक्षार्थीहरुको जानकारी परिषद, मधेश कार्यालयको इमेल ठेगाना ctevtmadhshexam@gmail.com/ ctevt.province2@gmail.com मा अनिवार्य रुपमा भर्ना सम्बन्धी निर्देशिकाको दफा २६ ख मा तोकिए अनुसार ३ दिन भित्र लिखित जानकारी गराउनु पर्ने छ |

साथै यस सुचनाद्वारा वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा सिफारिस नगरिएका शिक्षण संस्थाहरुमा यस शैक्षिक सत्र शैक्षिक कार्यक्रम संचालन हुने भएमा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटामा परीक्षार्थी सिफारिस गर्नु पर्ने भएकोले प्रदेश कार्यालयमा शिक्षण संस्थाले सो को जानकारी लिखित रुपमा नगराएमा परिषद्, प.नि.का.द्वारा जारी गरिएको प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१ अनुसार भइ जाने व्योहोरा समेत जानकारीको लागि सुचित गरिन्छ |